**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**सिंहदरवार, काठमाडौं**

# पुरस्कार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०५**

यस मन्त्रालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका देहाय बमोजिमका पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको छ । उल्लिखित पुरस्कारहरु विभिन्न विधा र क्षेत्रमा तोकिए बमोजिमको योगदान दिएका व्यक्ति तथा संस्थाहरुले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको १ (एक) महिना भित्र यस मन्त्रालयमा आवेदन/सिफारिस पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फारम यस मन्त्रालयको वेबसाइट www.tourism.gov.np मा डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**क) पुष्पलाल राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) राजनीतिक/सैद्धान्तिक
(ख) इतिहास
(ग) साहित्य, संस्कृति र विज्ञान

**ख) शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) नेपाली तथा नेपाल भाषा, साहित्य, नेपाली संस्कृति एवं इतिहास ।

**ग) भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) राजनीतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्र
(ख) दलित मुक्ति आन्दोलनको क्षेत्र
(ग) समाजसुधार अभियानको क्षेत्र
(घ) सीप, कला, शिक्षा, साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुसन्धानको क्षेत्र
(ङ) मानव अधिकारको क्षेत्र

**घ) युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) नेपाली, नेपाल तथा अन्य भाषा साहित्य एवं स्वच्छन्दतावादी र प्रगतीवादी कविता

**आवेदन/सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरू**

क) व्यक्ति वा संस्थाको विस्तृत विवरण : नाम/थर, आमा/बुवाको नाम, विवाहित भए पति/पत्निको नाम
ख) व्यक्ति वा संस्थाको बायोडाटा
ग) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर
घ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
ङ) पासपोर्ट साइजको दुइ प्रति फोटो
च) स्थायी लेखा नम्बर
छ) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण (एक प्रति कृति सम्भव भएसम्म)
ज) बैंक खाता नम्बर (बैंकको नाम र ठेगाना समेत)
झ) प्रकाशित कृति नभएको अवस्थामा प्रतिभाको परिचयात्मक अन्य सामग्री
ञ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र ।

**द्रव्यष्ट** : पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको प्रयोजनको लागि सीमित रहनेछ । सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानका आधारमा समेत मूल्यांकन गर्न सक्नेछ ।

**आवेदन सिफारिस पठाउने ठेगाना**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
संस्कृति महाशाखा,
सिंहदरवार, काठमाडौं ।
फोन नं ०१४२११९०९, मोवाइल नं. ९८४११४५११३
इमेल : culture@tourism.gov.np